# साँगुरीगढी गाउँपालिका
# Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७६/०७७

च.नं.:

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
मिति :२०७६/१२/१६

**कोरोना भाइरस (COVID-19) सम्बन्धी जनहितमा जारी अपिल**

आदरणीय गाउँबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) नयाँ भाइरसको रुपमा देखा परेको र यसको प्रकोपबाट बच्नको लागि हामीले पनि उच्च सतर्कता अपनाउनु पर्ने अवस्था रहेको छ । विश्वव्यापी रुपमा फैलिरहेको यो भाइरसको संक्रमण हाम्रो देशमा तथा छिमेकी मुलुक भारतमा समेत देखिएको र खुला सिमानाका कारण नेपाल पनि उच्च जोखिममा रहेको अवस्था छ । यसबाट हामीले आत्तिने अवस्था नभए तापनि बेवास्ता गरेर बस्ने अवस्था भने छैन । यस कोरोना भाइरसको थप संक्रमण फैलिन नदिनको लागि हामीले पनि थप सतर्कता अपनाउनु पर्ने देखिएको हुँदा यो विषम परिस्थितिमा हामी सबैले डटेर सामना गर्नको लागि सम्पूर्ण गाउँबासी समुदायहरुमा आदेशानुसार निम्नानुसारको अपिल गर्दछु ।

१. कोरोना भाइरस (COVID-19) को संक्रमणबाट जोगिनको लागि नियमित रुपमा हरेक पटक कम्तिमा २० सेकेण्डसम्म साबुन पानीले हात धुने तथा फोहोर हातले नाक/मुख/आँखा नछुऔं, अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्किऔं, लक डाउनको पूर्णरुपमा पालना गरौं,
२. ज्वरो सहित खोकीको लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गएर स्वास्थ्य परीक्षण गराउने र त्यस्ता व्यक्तिहरुले अन्य व्यक्तिहरुको नजिकको सम्पर्कबाट टाढै रहौं,
३. खोक्दा र हाच्छिउँ गर्दा नाक र मुखलाई हात वा कुहिनाले छोप्ने र तत्पश्चात हात साबुन पानीले तुरुन्त धुऔं साथै माछा, मासु र अण्डा राम्रोसँग पकाएर मात्र खाऔं,
कोरोना भाइरस (COVID-19) प्रभावित देशहरुबाट आउने व्यक्तिहरुमा संक्रमण हुन सक्ने भएको
४. कोरोना भाइरस (COVID-19) प्रभावित देशहरुबाट आउने व्यक्तिहरुमा संक्रमण हुन सक्ने भएको हुँदा त्यस्ता व्यक्तिहरुको सम्बन्धमा तत्काल नजिकको स्वास्थ्य संस्था, वडा कार्यालय तथा कोरोना भाइरस सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागि गठन भएको स्थानीय समन्वय समितिलाई जानकारी दिऔं,
५. कोरोना भाइरस (COVID-19) प्रभावित देशहरुबाट आउने व्यक्तिहरुमा संक्रमण हुन सक्ने भएको हुँदा त्यस्ता व्यक्तिहरुले कुनै लक्षण नदेखिए पनि सेल्फ क्वारेन्टाइनमा कम्तिमा पनि १४ दिन सम्म बसी सहयोग गरौं,
६. प्रतिरोधात्मक क्षमता कम भएका ज्येष्ठ नागरिक तथा अन्य रोगको उपचार गराइरहनु भएका व्यक्तिलाई यो भाइरस सर्ने सम्भावना बढी रहेको हुँदा त्यस्ता व्यक्तिहरुलाई घरभित्रै राखौं,

क्रमशः

सँागुरीगढी गाउँपालिका

Sangurigadhi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं. २०७६/०७७

प्रदेश नं. १, नेपाल

Province No. 1, Nepal

७. हरेक कार्यालयमा स्यानीटाइजर, मास्क, साबुन पानीको अनिवार्य व्यवस्था गरौं र कार्यालयमा प्रवेश गर्नुपूर्व साबुन पानीले हात धोएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाऔं,

८. उपभोग्य सामाग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी तथा कालोबजारी गर्ने/गराउने गरेको जानकारी भएमा सम्वन्धित निकायमा जानकारी दिने गरौं, यस गाउँपालिका भित्र रहेका व्यवसायीहरुले कम्तिमा एक महिना पुग्ने खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरुको भण्डारण गरी सुपथ मूल्यमा बिक्री वितरण गरौं,

९. आफुलाई यो भाइरसको संक्रमण भएको शंका लागेमा संयमित भएर रोकथामको उपाय अपनाऔं, तत्काल नजिकैको स्वास्थ्य संस्थालाई जानकारी दिऔं, यो भाइरसको संक्रमणबाट जोगिनको लागि हामी सबै सचेत रहौं, संक्रमण भइ हालेमा पनि यस गाउँपालिकाले उपचारको व्यवस्था मिलाएका छौं,

१०. स्वास्थ्य जाँचको क्रममा कसैलाई कोरोना भाइरस रोगको शंका लागेमा थप व्यवस्थापनको लागि सम्पर्क नं. ९८४२०५४७५१, ९८५२०३८८२२, ९८५२०६११०२ र ९८५२०६१९४० मा सम्पर्क गरौं ।

अन्त्यमा यस विषम परिस्थितिमा लक डाउनको समयभर आ-आफ्नो घर भित्रै बसेर साथ दिन अनुरोध गर्दछौं । यस भाइरस विरुद्ध लड्नको लागि आपतकालिन स्वास्थ्य सामाग्रीहरुको खरिद तथा वितरण गर्ने कार्य भइरहेको हुँदा सबै स्वास्थ्यकर्मीहरुलाई केही समय धैर्यधारण गरिदिनु हुन समेत अनुरोध गर्दछौं । यस कठिन परीस्थितिमा समेत दिन रात नभनि कार्यस्थलमा खटेर कार्य गर्नुहुने सबै स्वास्थ्यकर्मी, अन्य कर्मचारी तथा सुरक्षा निकायबाट खटिनु भएका सबै सुरक्षाकर्मीहरुको कार्य प्रति उच्च सम्मान व्यक्त गर्दै यहाँहरुको रचनात्मक सुझावको अपेक्षा गरेका छौं । कोरोना भाइरस (COVID-19) को डटेर सामना गरौं

धन्यवाद ।

(बालकृष्ण राई)
प्रवक्ता
साँगुरीगढी गाउँकार्यपालिका,
धनकुटा